आज मिति २०८२।०५।०६ गतेका दिन, दिनको ११.०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४२ औं (आ.व.२०८२।८३ को तेश्रो) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका बैठक कक्षमा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री भुवन चापागाई | (सचिव) प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित उपस्थिति

गोपी कोइराला - योजना प्रशासन - ग.गा.पा.को -

निर्णयहरु

**प्रस्ताब नं. १) पूर्व निर्णय समीक्षा सम्बन्धमा ।**

**निर्णय नं. १,**

चालु आ.व. २०८२।८३ को पहिलो दोश्रो अर्थात मिति २०८२।०४।२१ गते बसेको यस समितिको १४१ औं. बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था बारे आजको यस बैठकमा विषयवस्तु प्रस्तुत भई समीक्षात्मक छलफल एवं सो सम्बन्धमा जानकारी भयो ।

**प्रस्ताब नं. २) योजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. २**

यस गाउँपालिकाको अठारौ गाउँसभाबाट चालु आ.व. २०८२।८३ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका योजनाहरु को आगामी भाद्र २५ गते भित्र सम्पुर्ण वडाहरुमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिका पदाधिकारीहरुलाई असोज २ गते भित्र योजना सन्चालन सम्बन्धी अभिमुखिकरण गोष्ठी आयोजना गरी संझौता कार्य सम्पन्न गर्ने र ठेक्का प्रक्रिया मार्फत गर्ने कार्यहरु प्रक्रियागत रुपमा अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताब नं. ३ )** चेपाङ्ग, दलित तथा विपन्न विद्यार्थीहरुको बालमैत्री र सिकाईमैत्री वसाई रुपान्तरण र गुणात्मक विकास सम्वन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्वन्धमा ।

**निर्णय नं. ३)**

चेपाङ्ग, दलित तथा विपन्न विद्यार्थीहरुको बालमैत्री र सिकाईमैत्री वसाई रुपान्तरण र गुणात्मक विकास सम्वन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ आजको यस बैठकमा पेश भई छलफल भयो । उक्त सम्वन्धमा पेश हुन आएको "चेपाङ्ग, दलित तथा विपन्न विद्यार्थीहरुको बालमैत्री र सिकाईमैत्री वसाई रुपान्तरण र गुणात्मक विकास सम्वन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं.४ ) गण्डकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।**

**निर्णय नं.४**

यस अघिको कार्यपालिका बैठकमा प्रस्तुत भई छलफलका क्रममा रहेको गण्डकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८२ आजको यस बैठकमा निर्णयार्थ पेश हुदाँ उक्त "गण्डकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८२" सम्बन्धमा थप अध्ययन गर्ने निर्णय गरियो ।

**विविध प्रस्ताब नं.१: वार्षिक कार्ययोजना तथा गण्डकी गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गतका कार्यक्रम सन्चालन मार्गदर्शन २०८२।०८३ सम्बन्धमा ।**

**निर्णय नं. १**

चालु आ.व. २०८२।०८३ मा स्वास्थ्य शाखा मार्फत कार्यान्वयन हुने कार्यक्रमहरुको वार्षिक कार्य योजना सन्चालन मार्गदर्शन २०८२।०८३ आजको यस बैठकमा पेश भई सो उपर छलफल भयो । उक्त सम्वन्धमा पेश भए बमोजिमको स्वास्थ्य शाखा अन्तर्गतका कार्यक्रम संचालन मार्गदर्शन २०८२।०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**विविध प्रस्ताब नं. २: प्रोक्टेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यकम सन्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।**

**निर्णय नं.२**

कार्यालय मार्फत कृषि शाखावाट पेश हुन आएको प्रोक्टेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यकम सन्चालन कार्यविधि, २०८२ आजको यस बैठकमा प्रस्तुत भई सो उपर छलफल भयो । उक्त सम्बन्धमा पेश भएको "प्रोक्टेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यकम सन्चालन कार्यविधि, २०८२" संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**विविध प्रस्ताब नं. ३: जनसेवा वहुमुखी सहकारी संस्था लि. घ्याल्चोकको भवन भत्काउन अनुमति दिने सम्वन्धमा ।**

**निर्णय नं.३**

गण्डकी गाउँपालिका वडा नं. ८ घ्याल्चोकमा रहेको जनसेवा वहुमुखी सहकारी संस्था लि.को भवन २०७२ सालमा आएको विनासकारी भुकम्पको कारण क्षतिग्रस्त भई जिर्ण भएकोले नयाँ भवन निर्माणका लागि जिर्ण भवन भत्काई व्यवस्थापन गर्न अनुमति पाउँ भनि पेश भएको निवेदन उपर आजको यस बैठकमा छलफल भयो । उक्त सम्बन्धमा नयाँ भवन निर्माणका लागि हाल जिर्ण अवस्थामा रहेको भवन भत्काई व्यवस्थापन गर्न अनुमति दिने निर्णय भयो ।

**विविध प्रस्ताब नं. ४: (छोनाम) न्वागी पर्व सम्बन्धमा ।**

**निर्णय नं. ४:**

यहि मिति २०८२ साल भाद्र २२ गते आइतवार पर्न गएको चेपाङ्ग जातीको महान चाड (छोनाम) न्वागी पर्वको पावन अवसरमा गाउँपालिका भित्र तथा स्वदेश एवं विदेशमा रहनु हुने सम्पूर्ण चेपाङ्ग जातीहरु लगायत सम्पूर्ण नेपाली दाजु भाई दिदी वहिनीहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दै सो पर्वलाई हर्षोल्लासका साथ मनाउन गण्डकी गाउँपालिका भित्रका गाउँपालिका, वडा कार्यालय, विद्यालय, संघ संस्था लगायत सवै सार्वजनिक निकायहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**विविध प्रस्ताब नं. ५: विद्यालय व्यवस्थापन समिति सम्बन्धमा ।**

**निर्णय नं. ५:**

गण्डकी गाउँपालिका शिक्षा समिति अन्तर्गत विद्यालय व्यवस्थापन समितिहरु ३ महिना भित्र पूर्णता दिने गरी आवश्यक व्यवस्थापन गर्ने ।